धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.सं. :- २०८३।०८४

च.नं. :-

शिक्षकको पदपूर्ति तथा प्रतिक्षा सूची तयारीको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन !

(प्रथम पटक प्रकाशित मिति २०८३।०७।१० गते मंगलबार)

यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा देहायका तह र विषयहरुमा शिक्षक पदपूर्ति गर्न र पछि गएर रिक्त हुने पदका लागि प्रतीक्षा सूची तयार गर्न खुला प्रतियोगितात्मक परीक्षाद्वारा उम्मेदवारहरुको छनोट गर्नु पर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले उपमहानगरपालिकाको वेबसाइट https://dhangadhimun.gov.np वा फेसबुक पेज वा शिक्षा, युवा तथा खेलकुद महाशाखाको फेसबुक पेजबाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गर्नु हुन सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

२०८३।०७।१०

घुम्मन सिं बडायक

शाखा अधिकृत

१. **पदपूर्ति तथा प्रतिक्षा सूची तयार गरिने शिक्षक पदको विज्ञापन नं., तह, विषय र कोटाको प्रकार :**

क्र.सं.	विज्ञापन नं.	तह	विषय	कोटाको प्रकार
१	१४।२०८३-०८४	निम्नमाध्यमिक	विज्ञान	करार
२	१५।२०८३-०८४	निम्नमाध्यमिक	गणित	करार

२. **पारिश्रमिक तथा अन्य सुविधा :** पदपूर्ति समितिबाट सिफारिस भई करार सम्झौंता भएका शिक्षकलाई सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको पारिश्रमिक तथा अन्य सुविधा नियमानुसार प्रदान गरिनेछ ।

३. **काम गर्नु पर्ने विद्यालय :** सिफारिसमा उल्लेख भए अनुसार र पछि कार्यालयले खटाए बमोजिम हुनेछ ।

४. **परीक्षाको पाठ्यक्रम र किसिम :**

४.१ शिक्षक सेवा आयोगले निर्धारण गरेर https://tsc.gov.np मा प्रकाशन गरिएको सम्बन्धित तह र विषयको पाठ्यक्रमका आधारमा देहायको परीक्षा र अन्तर्वार्ता हुनेछ ।

(क) लिखित परीक्षा (सामान्य र विषयगत) (ख) अन्तर्वार्ता

५. **परीक्षा सञ्चालन विधि :**

(क) पहिलो चरणमा सम्बन्धित तहको सामान्य विषयको लिखित परीक्षा सञ्चालन हुनेछ ।

प.सं. :- २०८३।०८४
च.नं. :-

(ख) सामान्य विषयको लिखित परीक्षामा सफल भएका उम्मेदवारको विषयगत पाठ्यक्रमका आधारमा विषयगत लिखित परीक्षा सञ्चालन हुनेछ।

(ग) विषयगत लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरुको अन्तर्वार्ता हुनेछ।

६. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:**

(क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति, समय र स्थान: अर्को सूचनाबाट जानकारी गरिनेछ।

(ख) लिखित परीक्षा (विषयगत) सञ्चालन हुने मिति, समय र स्थान: लिखित परीक्षा (सामान्य) को नतिजा प्रकाशन हुँदा जानकारी गराईनेछ।

(ग) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा जानकारी गराईनेछ।

७. **दरखास्त दस्तुर :** देहायको दस्तुर उपमहानगरपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ।

(क) निम्नमाध्यमिक तह (कक्षा ६ -८) को रु. ७००।- (सात सय मात्र)

८. **दरखास्त दिने अन्तिम मिति र समय :**

(क) सिङ्गल दस्तुर बुझाई मिति २०८३ कार्तिक ११ गतेदेखि २०८३ कार्तिक २४ गते कार्यालय समयभित्र। (दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन पेश गर्न सकिनेछ। दोब्बर दस्तुरको व्यवस्था छैन)

९. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक।

(ख) १८ वर्ष उमेर पुरा भएको।

(ग) ४० वर्ष उमेर पुरा नभएको।

(घ) शिक्षक सेवा आयोगद्वारा निम्नमाध्यमिक तहको पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिम शैक्षिक योग्यता भई सोही तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको। विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपी।

१०. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु :** दरखास्त फाराममा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

११. **थप जानकारी :**

थप जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नं. ०९१-५२६७२९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।